प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## बागमती प्रदेश

हेटौंडा, नेपाल

मिति-२०७८-०१-२१

## प्रेस विज्ञप्ति

आज मिति २०७८ साल बैसाख २१ गते माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलले आगामी आर्थिक वर्ष २०७८/०७९ मा बागमती प्रदेश सरकारले कार्यान्वयनमा ल्याउने नीति तथा कार्यक्रममा बागमती प्रदेश मन्त्रालयका सवै सचिवहरुलाई आवश्यक निर्देशन दिनु भयो।

निर्देशनको क्रममा मुख्यमन्त्री श्री पौडेलले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा विषयगत मन्त्रालयहरुले कार्यान्वय गर्न सम्भाव्य नीतिको तर्जुमामा विशेष ध्यान दिनु पर्ने, अन्तर-मन्त्रालयगत समन्वय कायम गर्दै नीति कार्यक्रम ल्याउनु पर्ने, वीगत तीन वर्षको अनुभवका आधारमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम वस्तुगत यथार्थतामा आधार भई तर्जुमा हुनुपर्ने र वर्तमान कोभिडको महामारीले पारेका असरहरुलाई संवोधन हुने गरी प्रदेश नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने निर्देशन दिनु भयो। साथै, वाहाँले प्रदेशको पहिलो आवधिक योजना, नीति तथा कार्यक्रम र बजेट बिच तादम्य हुने गरी मात्र नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने भएकोले यसमा ध्यान दिनु पर्ने निर्देशन पनि दिनु भयो ।

सोही कार्यक्रममा माननीय मुख्यमन्त्रीको प्रमुख राजनैतिक सल्लाहकार श्री जे.एन. थपलियाले दोहोरो नपर्ने र जन जीविकासंग जोडिने कार्यक्रमहरुको तर्जुमा हुनु पर्ने बताउदै नीतिहरु कार्यान्वयन योग्य हुनुपर्ने निर्देशन दिनु भयो।

कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिव डा. मुकुन्द प्रसाद पौड्यालले बजेट, कार्यक्रम र नीति बिच अन्तर सम्बन्ध हुने भएकोले तीन वटै विषयहरुलाई सबै विषयगत मन्त्रालयहरूले ध्यान दिनु पर्ने आवश्यकतामा जोड दिनु भयो। नयाँ नीति तथा कार्यक्रम तर्जुमा गर्दा कुनै नयाँ नियम, कानून वा निर्देशिका आवश्यक पर्ने भएमा सवै विषयगत मन्त्रालयहरुले सो पहिल्याई अग्रिम रुपमा मस्यौदा तयार पार्दा कार्यान्वयमा सहज हुने वताउनु भयो।

कार्यक्रममा बागमती प्रदेशका सात वटै मन्त्रालयका सचिवहरुले नीति कार्यक्रमका सम्बन्धमा आ-आफ्नो भनाइहरु प्रस्तुत गर्नु भएको थियो।

प्रदीप कुमार कोईराला
सचिव

फोन नं.: ०५७-५२२३८५,३८७,३१७,८९७,८९८ फ्याक्स नं.:०५७-५२७५०७ वेबसाइट:www.ocmcm.bagamati.gov.np ईमेल:ocmcm.bagamati@gmail.com